छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी

बैठक नं. ०६

आज मिति २०७९।०६।१२ गते छत्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री राम प्रसाद पाण्डेय ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नअनुसारका निर्णय गरियो।

<u>उपस्थितिः</u>

| सि.नं. | पदाधिकारीको नाम,थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री राम प्रसाद पाण्डेय | अध्यक्ष | | |
| २ | श्री सावित्रा ज्ञवाली | उपाध्यक्ष | | |
| ३ | श्री घनश्याम न्यौपाने | वडा अध्यक्ष | | |
| ४ | श्री नरेन्द्र बहादुर पल्ली | वडा अध्यक्ष | | |
| ५ | श्री तेजकान्त अर्याल | वडा अध्यक्ष | | |
| ६ | श्री गुणाकर ज्ञवाली | वडा अध्यक्ष | | |
| ७ | श्री राम प्रसाद कंडेल | वडा अध्यक्ष | | |
| ८ | श्री नारायण रेश्मी | वडा अध्यक्ष | | |
| ९ | श्री कमला ज्ञवाली | कार्यपालिका सदस्य | | |
| १० | श्री देवकी पन्त | कार्यपालिका सदस्य | | |
| ११ | श्री भगवती न्यौपाने | कार्यपालिका सदस्य | | |
| १२ | श्री सावित्रा वि.क | कार्यपालिका सदस्य | | |
| १३ | श्री चन्द्र बहादुर सार्की | कार्यपालिका सदस्य | | |
| १४ | श्री राम बहादुर वि.क | कार्यपालिका सदस्य | | |
| १५ | श्री वीर बहादुर पुन | सदस्य सचिव | | |

अन्य उपस्थिती

१६. हरि [illegible] अधिकृत छैठौं

१७. पुस्कर खनाल इन्जिनियर

१८ श्याम सुन्दर पोखरेल स्वा.शा.प्रमुख

१९ सागर खनाल का.स.

प्रमुख प्रशासकीय अधिकृत

<u>मिति २०७९।०६।१२ गतेको ६ औं गाउँ कार्यपालिका वैठकका प्रस्ताव तथा निर्णयहरु</u>

<u>प्रस्तावहरु</u>

१. अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा।

२. आ.व २०७९।८० को स्वीकृत विनियोजित कार्यक्रम कार्यान्वयन कार्ययोजना पेश गर्ने सम्बन्धमा।

३. छत्रकोट गाउँपालिकाको लोगो अनुमोदन स्वीकृत सम्बन्धमा।

४. उपभोक्ता समितिको अभिमुखिकरण संचालन गर्ने तालिका तय गर्ने सम्बन्धमा।

५. वार्षिक समिक्षा कार्यक्रम संचालन गर्ने सम्बन्धमा।

६.श्रृङ्गा प्राथमिक स्वास्थ्य केन्द्र छत्रकोटमा गाउँपालिका करार डा.कौशल कुमार मण्डलको प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धमा।

७.अव्यवस्थित निर्माणजन्य सामाग्री व्यवस्थित गर्ने सम्वन्धमा (भेन्डुवा- गुन्टुङ- ठुलापोखरा सडक खण्ड अन्तर्गत)

८. उपभोकता हित संरक्षण समिति गठन तथा वजार अनुगमन टोली गठन सम्वन्धमा।

९. आश्विन शुक्ल पूर्णिमामा सार्वजनिक विदा दिने सम्बन्धमा।

१०. पशु प्राविधिकलाई AI गरेवापत फिल्डभत्ता उपलब्ध गराउने सम्बन्धमा।

<u>निर्णयहरु</u>

१. प्रस्ताव नं १ माथि छलफल गर्दा अघिल्लो बैठकमा भएका निर्णयहरुको कार्यान्वयनको सम्बन्धममा छलफल गर्दा पूर्ण रुपमा कार्यान्वयन भएको पाईयो।

२. प्रस्ताव नं.२ माथि छलफल गर्दा आ.व २०७९।८० को स्वीकृत विनियोजित कार्यक्रम कार्यान्वयन कार्ययोजना दशैं लगत्तै पेश गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा छत्रकोट गाउँपालिकाले देहायबमोजिमको चिन्ह तथा संकेत उल्लिखित लोगो स्वीकृत गर्ने निर्णय गरियो। साथै उक्त लोगो गाउँपालिकाको आधिकारिक लेटर प्याड तथा अन्य लोगो उल्लेख हुने सम्बन्धित स्थानमा प्रयोग गर्ने निर्णय गरियो।

**लोगोमा प्रयोग भएको चिन्ह,चित्र तथा संकेतको विवरणः**-गोलाकार भित्र मध्य भागमा चोयगा मन्दिरको चित्र,दायाँ तर्फ उँखु र वायाँ तर्फ सुन्तलाको बोटको चित्र,मन्दिरको अगाडि गाउँपालिका क्षेत्रको भौगोलिक नक्शा र दुई हात मिलाएको चित्र,मन्दिरको माथि तर्फ दुई पहाडको विचमा हिमाल, हिमाल माथि दाँया बाँया ३/३ वटा गरि ६ वटा लालिगुँराको चित्र रहेको छ। साथै गोलाकार वाहिर माथि नेपालीमा छत्रकोट गाउँपालिका लेखिएको र तल तर्फ अङ्ग्रेजीमा Chhatrakot Rural Municipality लेखेको तथा दायाँ वायाँ जौंको बालाको चित्र अंकित रहेको छ।

४. प्रस्ताव नं.४ माथि छलफल गर्दा यस छत्रकोट गाउँपालिकामा उपभोक्ता समिती मार्फत् संचालन गरिने योजनाहरु कार्यान्वयनको लागि गठित उपभोक्ता समितिका पदाधिकारीहरूमध्ये अध्यक्ष,सचिव र कोषाध्यक्षहरुलाई १ दिने अभिमुखिकरण तालिम तपसिल बमोजिमको कार्यतालिका समय अनुसार संचालन गर्ने निर्णय गरियो। साथै उक्त अभिमुखिकरण तालिममा सम्बन्धित वडा समितिका पदाधिकारी र कार्यपालिका सदस्यहरु समेत सहभागि हुने निर्णय गरियो।

तपसिलः

| तालिम संचालन हुने वडा | वडा नं. १ हुँगा | वडा नं. २ पल्लिकोट | वडा नं ३ हर्दिनेटा | वडा नं. ४ दिगाम | वडा नं ५ खर्ज्याङ्ग | वडा नं ६ दौगा |
|---|---|---|---|---|---|---|
| संचालन हुने मिति | २०७९।०६।२६ | २०७९।०६।२५ | २०७९।०७।०१ | २०७९।०७।०२ | २०७९।०७।०३ | २०७९।०७।०४ |

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा आ.व २०७८।७९ को वार्षिक समिक्षा कार्यक्रम मिति मा संचालन गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा श्रृङ्गा प्राथमिक स्वास्थ्य केन्द्र, छत्रकोट गाउँपालिकाका करार सेवामा कार्यरत डा. कौशल कुमार मण्डलको प्रोत्साहन भत्ताको सम्बन्धमा छलफल गर्दा अर्को निर्णय नभएको सम्म करार सम्झौतामा उल्लेख भएबमोजिमको सेवासुविधा उपलब्ध गराउने निर्णय गरियो।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा भेडुवा-गुन्टुङ ठूलापोखरा सडक खण्ड अन्तर्गत सडकको दायाँ बायाँ थुपारिएको जोखिम सिर्जना गरेको अव्यवस्थित निर्माणजन्य सामाग्रिलाई गाउँपालिकाले आफ्नै स्रोतवाट व्यहोर्ने गरि व्यवस्थित गर्ने/गराउने सर्वसम्मत निर्णय गरियो।

८. प्रस्ताव नं.८ माथि छलफल गर्दा गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका,२०७५ अनुसार तपसिल बमोजिमको उपभोक्ता हित संरक्षण समिति र बजार अनुगमन टोली गठन गरियो।

<u>उपभोक्ता हित संरक्षण समिति</u>

| | |
|---|---|
| गा.पा. उपाध्यक्ष श्री सावित्रा ज्ञवाली | संयोजक |
| आर्थिक विकास समिति संयोजक श्री तेजकान्त अर्याल | सदस्य |
| जिल्ला प्रशासन कार्यालयले तोकेको अधिकृत प्रतिनिधी | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख श्री श्याम शुन्दर पोखरेल | सदस्य |
| उद्योग वाणिज्य संघको प्रतिनिधी | सदस्य |
| कृषि/पशु सेवा शाखा प्रमुख श्री टेक बहादुर खनाल | सदस्य |
| उपभोक्ता हित संरक्षणमा क्रियाशिल व्यक्ति श्री बद्रि प्रसाद घिमिरे | सदस्य |
| अधिकृत छैठौं श्री हरि टन्डन | सदस्य सचिव |

<u>बजार अनुगमन टोली</u>

| | |
|---|---|
| अधिकृत छैठौं श्री हरि टन्डन | संयोजक |
| स्वास्थ्य शाखा प्रमुख श्री श्याम शुन्दर पोखरेल | सदस्य |
| राजश्व शाखा प्रमुख श्री भुषण भुषाल | सदस्य |
| कृषि/पशु शाखा प्रमुख श्री टेक बहादुर खनाल | सदस्य |
| नेपाल प्रहरिको प्रतिनिधी | सदस्य |
| उपभोक्ता हित संरक्षणमा क्रियाशिल व्यक्तिमध्येवाट श्री झक बहादुर मिदुन | सदस्य |
| उद्योग वाणिज्य संघको प्रतिनिधि | सदस्य |
| संचार कर्मि श्री युगराज बस्याल | सदस्य |

९. प्रस्ताव नं.९ माथि छलफल गर्दा आश्विन शुक्ल पूर्णिमाको दिन छत्रकोट गाउँपालिकाका विभिन्न स्थानमा सरायँ नाच्न तथा पूजा आजा गरि मनाइने परम्परा भएकाले उक्त दिन गाउँपालिका क्षेत्रभित्र सार्वजनिक बिदा दिने सर्वसम्मत निर्णय गरियो।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा गाई/भैसिंको AI गरेवापत पशु प्राविधिक श्री टेक बहादुर खनाललाई प्रति गाई/भैंसि रु ५०० फिल्डभत्ता उपलब्ध गराउने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

पाण्डेय
अध्यक्ष